# माछापुच्छ्रे गाउँपालिकाको विनियोजन ऐन, २०७६

गाँउसभा बाट स्वीकृत मिति २०७६/०३/१२

**माछापुच्छ्रे गाउँपालिकाको आर्थिक बर्ष २०७६/२०७७ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विनियोजन ऐन**

**प्रस्तावनाः**...माछापुच्छ्रे गाउँपालिकाको आर्थिक बर्ष २०७६।०७७ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम माछापुच्छ्रे गाउपालिकाको.गाउँसभाले यो विधेयक बनाएको छ ।

१.**संक्षिप्त नाम र प्रारम्भः (१)** यस ऐनको नाम "माछापुच्छ्रे गाँउपालिकाको विनियोजन ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२.**आर्थिक वर्ष २०७६।०७७ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार**: (१)आर्थिक वर्ष २०७६।०७७ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ बमोजिमको आय र व्ययको विवरण तथा अनुसूची २ बमोजिमको राजस्व तथा अनुदान प्राप्तिको अनुमानमा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.५६,६१,४६,४६५। (अक्षेरुपी छपन्न करोड एकसठ्ठी लाख छ्यालीस हजार चार सय पैसठ्ठी रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

३. **विनियोजनः (१)** यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६।०७७ को निमित्त.माछापुच्छ्रे गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ ।

माछापुच्छ्रे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
साहाचोक, कास्की
गण्डकी प्रदेश, नेपाल

# अनुसूचि-१
## दफा २ सँग सम्बन्धित
## आय व्ययको विवरण
## आ.व. २०७६/७७

रु. हजारमा

| शीर्षक | | आ व २०७६/७७ को अनुमान |
|---|---|---|
| **आयः** | | **५६६१४६** |
| | **राजस्वः** | **१६१७०३** |
| | आन्तरिक राजस्व | २११०० |
| | राजस्व बाँडफाँडबाट प्राप्त रकम | ९०६७३ |
| | बेरुजु असुली | |
| | अन्य आय गत बर्षको अ ल्या | ४९९३० |
| | **अन्तर सरकारी वित्तीय हस्तान्तरण** | **४०४४४३** |
| | नेपाल सरकारबाट प्राप्त | ३९२५०० |
| | प्रदेश सरकारबाट प्राप्त | ११९४३ |
| | अन्तर स्थानीय तहबाट प्राप्त | |
| | **जनसहभागिताः** | **०** |
| | नगद सहभागिता | ० |
| | श्रम तथा वस्तुगत सहायता | ० |
| **व्ययः** | | **५६६१४६** |
| | चालु खर्च | ३८१६९१ |
| | पूँजिगत खर्च | १८४४५५ |
| | | |
| **बजेट बचत (+)/न्यून (-)** | | **०** |

| | | |
|---|---|---|
| **वित्तीय व्यवस्था** | | **०** |
| | **खुद ऋण लगानी** | **०** |
| | ऋण लगानी (-) | ० |
| | ऋण लगानीको सावाँ फिर्ता प्राप्ती (+) | 0 |
| | | |
| | **खुद शेयर लगानी** | **०** |
| | शेयर लगानी (-) | **0** |
| | शेयर बिक्रीबाट लगानी फिर्ता प्राप्ती (+) | **0** |
| | | |
| | **खुद ऋण प्राप्ती** | **०** |
| | ऋणको साँवा भुक्तानी (-) | **0** |
| | ऋण प्राप्ती (+) | **०** |

| | | |
|---|---|---|
| **अन्तिम बजेट बचत (+)/न्यून (-)** | | ० |

## अनुसूची-२

## दफा २ सँग सम्बन्धित

## राजश्व तथा अनुदान प्राप्तिको अनुमान

रकम रू. हजारमा

| शीर्षक | आ.व. २०७६/७७ को अनुमान |
|---|---|
| आय | ५६६१४६.४६५ |
| राजस्व | १६१७०३.४६५ |
| आन्तरिक श्रोत | ७०४७५.४६५ |
| एकीकृत सम्पती कर | १५०० |
| घरवहाल कर | १०० |
| पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | १५०४५ |
| कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | १५० |
| अन्य सेवा शुल्क तथा बिक्री | ३०० |
| नक्सापास दस्तुर | ११५० |
| सिफारिश दस्तुर | २००० |
| व्यक्तिगत घटना दर्ता दस्तुर | १०० |
| व्यावसाय रजिष्ट्रेशन दस्तुर | २०० |
| नगद | ४९९३०.४६५ |
| राजस्व बाँडफाँडबाट प्राप्त रकम | ९०६७३ |
| घरजग्गा रजिष्टेशन दस्तुर [राजस्व बाँडफाँड - प्रदेश सरकार ] | २९७३ |
| बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर [राजस्व बाँडफाँड - संघीय सरकार] | ८७७०० |
| अन्य आय | ५५५ |
| अन्य राजस्व | ५५५ |
| अन्तर सरकारी वित्तीय हस्तान्तरण | ४०४४४३ |
| संघीय सरकार | ३९२५०० |
| शसर्त अनुदान चालु | २९९४०० |
| समानिकरण अनुदान | ९३१०० |
| प्रदेश सरकार | ११९४३ |
| समानिकरण अनुदान | ११९४३ |
| बैदेशिक | ० |
| जनसहभागिता | ० |
| | |